Sagarmatha
Jalabidhyut Company Ltd.
Supermai-A- Hydro Project 9.6 MW, Illam

PAN No.: 603561852
Govt. Regd. No.: 257715/077/078
Anamnagar, Kathmandu, Nepal
Phone No.: 01-5705159
Email: sagarmathahydropower@gmail.com
URL: www.sagarmathajbc.com.np

Sagarmatha Jalabidhyut Company Ltd. Sagarmatha ESTD.: 2072 Kathmandu, Nepal

च. नं. २०८१/०८२/०५६

मितिः २०८२/०२/१३

श्री नेपाल स्टक एक्सचेन्ज लि.
युएन आई, शान्ती मार्ग, भद्रकाली प्लाजा, काठमाण्डौं ।

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

सि. डि. एस. एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलिसडक, काठमाण्डौं ।

विषयः जानकारी गराएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस सगरमाथा जलविद्युत कम्पनी लिमिटेडले विद्युत नियमन आयोगमा १:१ अनुपातमा हकप्रद शेयर सार्वजनिक निष्काशनका लागी स्वीकृती माग गरी निवेदन पेश गरेकोमा मिति २०८२/०२/१३, प.सं २०८१/०८२, च.नं.८८४ को आयोगको पत्र अनुसार कम्पनीको चुक्ता पूँजी रु. १,१७,३२,००,०००/ को १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्न सहमती प्रदान गरिएको र सो पत्रको प्रतिलिपी यसै साथ संलग्न गरी पठाईएको व्यहोरा जानकारीका लागी अनुरोध छ ।

संलग्न कागजात
विद्युत नियमन आयोगको पत्रको प्रतिलिपि

भवदीय,

Sagarmatha Jalabidhyut Company Ltd. Sagarmatha ESTD.: 2072 Kathmandu, Nepal

....
संदीप अधिकारी
कार्यकारी प्रमुख अधिकृत

विद्युत नियमन आयोग
(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)

ELECTRICITY REGULATORY COMMISSION - NEPAL

प.सं. २०८१/०८२
च.नं. ८८४

मिति: २०८२।०२।१३

विषय: हकप्रद शेयर निष्कासनको सहमति सम्बन्धमा ।

श्री सगरमाथा जलविद्युत कम्पनी लिमिटेड
अनामनगर, काठमाडौं।

प्रस्तुत विषयमा तहाँ कम्पनीको मिति २०८१/१२।०४ को आयोगमा पेस भएको निवेदनका सम्बन्धमा यस आयोगको मिति २०८२।०२।११ को २७३ औं बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध छ।

विद्युत नियमन आयोगको निर्णय (मिति २०८२।०२।०४ को २७३ औं बैठक, निर्णय नं.२)

"९.६ मे.वा क्षमताको सुपर माइ-ए ज.वि.आ. को प्रवर्द्धक श्री सगरमाथा जलविद्युत कम्पनी लिमिटेडले आयोगको मिति २०८१।०४।०८ को बैठकबाट तत्काल कायम चुक्ता पूँजी रु.१,१२,००,००,०००।- को १:१ अनुपातमा हकप्रद शेयर निष्कासन गर्ने प्रस्ताव साधारणसभामा पेश गर्न स्वीकृति प्राप्त गरेकोमा हाल मिति २०८१।१२।०४ मा हाल कायम चुक्ता पूँजी रु. १,१७,३२,००,०००।को १:१ अनुपातमा हकप्रद शेयर निष्कासन गर्न स्वीकृतिको लागि निवेदन पेश गरेकोमा आयोगको २७० औ बैठकबाट कम्पनीलाई उक्त विषयमा प्रस्तुतिकरण गर्न लगाई आयोजनाको प्रवर्द्धकको तर्फबाट प्रस्तुतीकरण भई सकेको हुनाले उक्त बमोजिम स्वीकृति दिने कि नदिने भन्ने व्यहोरामा छलफल हुँदा विद्युत नियमन आयोग नियमावली २०७५ को नियम ४५, विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका , २०७८ को दफा ५, ६ र ७ बमोजिम सहमति प्रदान गर्ने।"

(विकास डंगोल)
शाखा अधिकृत

बोधार्थ:
श्री नेपाल धितोपत्र बोर्ड , ललितपुर ।

विद्युत नियमन आयोग
सानो गौचरण, काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४४२२४४२, ४४३९००४, ४४४३३९० | फ्याक्स: +९७७-१-४४३२५८२